प्रदेश सरकार

प्रदेश नं.३

# भौतिक पूर्वाधार विकास मन्त्रालय

हेटौंडा, मकवानपुर

## नवीकरणीय ऊर्जा प्रविधिहरूको जडानको माग संकलनका लागि निवेदन आव्हान गरिएको सूचना

**सूचना प्रकाशन मिति : २०७६।०५।०५**

यस मन्त्रालयले आ.व. २०७६।०७७ का लागि नवीकरणीय ऊर्जा प्रविधिहरू लघु वा साना जलविद्युत्, बायोग्याँस, सौर्य ऊर्जा प्रणाली, सुधारिएको चुलो प्रविधिहरू, ऊर्जाको उत्पादनमूलक परिप्रयोगसम्बन्धी कार्यक्रमहरूको लक्ष्य तय गरेको छ। यी कार्यक्रमहरू कार्यान्वयनका लागि निम्न शर्तहरू पूरा भएका प्रदेश नं. ३ का घरधुरीहरू वा समुदायले आ-आफ्नो घरमा माथि उल्लेखित प्रविधिहरू जडान गर्न स्थानीय तह (वडा, गाउँपालिका, महा/उपमहा/नगरपालिका)को सिफारिससहित तल उल्लेखित ठेगानामा मिति २०७६।०५।३१ भित्र आइपुग्ने गरी निवेदन पेश गर्नु हुन सम्बन्धित सबैका लागि र स्थानीय तहहरूलाई समेत सहयोगका लागि यो सूचनामार्फत् अनुरोध छ।

**शर्तहरू**

१. लघु तथा साना जलविद्युत, घरेलु सौर्य विद्युत् प्रणालीका लागि अन्य माध्यमबाट विद्युतीकरण नभएको घरधुरी हुनुपर्नेछ।
२. यसभन्दा अघि सम्बन्धित प्रविधिमा संघ, प्रदेश र स्थानीय तह वा अन्य कुनै निकायबाट अनुदान नलिएको हुनुपर्नेछ।
३. प्रविधिहरू माग गर्दा सम्बन्धित प्रविधि जडानका लागि आवश्यक पूर्वाधारहरू भएको हुनु पर्नेछ।
४. निवेदन तथा सिफारिश पेश गर्दा स्पष्ट रुपमा उपभोक्ताको नाम, ठेगाना, नागरिकता नं., लक्षित समूह उल्लेख गर्नुपर्नेछ।
५. आवश्यक थप अनुदान रकम, अन्य बजेट स्रोत र उपभोक्ताको आफ्नो लगानीको सुनिश्चितता हुनुपर्नेछ।

**निवेदन पेश गर्ने ठेगाना**

**भौतिक पूर्वाधार विकास मन्त्रालय**

जलस्रोत तथा ऊर्जा विकास महाशाखा

प्रदेश नं. ३, हेटौंडा

फोन नं. ०५७-५२४८५३/९८४५१३९७७८

Email: s3mopid@gmail.com